वर्ष ५, अङ्क ५, २०८३ जेठ (April-May 2026)

नेपाल बीमा प्राधिकरणको द्वैमासिक प्रकाशन

# बीमा समाचार

## नेपाल बीमा प्राधिकरणको ५८औं वार्षिकोत्सव

### बीमितको हित सुरक्षा, समयमै दाबी भुक्तानी र गुणस्तरीय सेवा प्रवाहलाई प्राथमिकता दिनुपर्छ : अध्यक्ष पौडेल




नेपाल बीमा प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेल कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

नेपाल बीमा प्राधिकरणको ५८औं वार्षिकोत्सव मिति २०८३ साल जेठ १ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा एक कार्यक्रम आयोजना गरी मनाइएको छ । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेलले बीमा क्षेत्रको विकास एवम् पहुँच विस्तारका लागि बीमासम्बन्धी नीतिगत सुधारका साथै, बीमितको हित सुरक्षा, समयमै दाबी भुक्तानी र गुणस्तरीय सेवा प्रवाहलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

अध्यक्ष पौडेलले प्राधिकरणले आगामी दिनमा नीतिगत तहमा रहेका कमीलाई पूर्ति गर्दै बीमितको हित संरक्षण, बीमकको संस्थागत सुदृढीकरण, जोखिममा आधारित निरीक्षण, सुशासन प्रवर्द्धन र डिजिटल रूपान्तरणलाई प्राथमिकताका साथ दिगो रूपमा अगाडि बढाउने जानकारी दिनुभयो ।

अध्यक्ष पौडेलले बीमित, बीमकलगायत सम्बद्ध निकाय एवम् संस्थाहरूसँगको नीतिगत एवम् संस्थागत सहकार्यले बीमा क्षेत्रको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गर्नुहुँदै आगामी दिनमा सम्बद्ध सबैको सुझावका आधारमा

संरक्षक
श्री चन्द्रकला पौडेल, अध्यक्ष

सल्लाहकार एवम् संयोजक
श्री सुशील देव सुवेदी, कार्यकारी निर्देशक

सम्पादन समूह
श्री ध्रुव तिमिल्सिना, निर्देशक
श्री पुजन ढुङ्गेल (अधिकारी), निर्देशक
श्री पुष्पा कुँवर, उपनिर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

प्रकाशक
नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
फोन: ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email: info@nia.gov.np, Web: www.nia.gov.np

प्राधिकरण नयाँ ढङ्गले अगाडि बढ्ने बताउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा क्षेत्रलाई अझ समावेशी, डिजिटल, जोखिम सचेत र आर्थिक विकासको सहयात्री बनाउन प्राधिकरण दृढ रहेको बताउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले बीमा क्षेत्रमा सुशासन र अनुशासन सुदृढ गर्नका लागि प्राधिकरणले नियमन र निरीक्षण कार्यलाई थप प्रभावकारी बनाएको उल्लेख गर्नुहुँदै आन्तरिक सुशासन, संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धिका क्षेत्रमा प्राधिकरणले यसवर्ष फड्को मारेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमक संघका अध्यक्ष वीरेन्द्रबहादुर बैदवार क्षेत्री, जीवन बीमक संघ नेपालका उपाध्यक्ष प्रकाश विक्रम खत्री, नेपाल लघु बीमक संघका अध्यक्ष चिरायु भण्डारी, नेपाल बीमा सर्भेयर एसोसिएसनका अध्यक्ष ऋषि कोइराला, नेपाल पेशागत बीमा अभिकर्ता संघका अध्यक्ष ओमबहादुर के.सी. र नेपाल बीमा ब्रोकर संघका उपाध्यक्ष नरेश श्रेष्ठले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेल र प्राधिकरणको सञ्चालक समितिका सदस्य मानबहादुर अर्यालले प्राधिकरणमा २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरूलाई सम्मान गर्नुभएको थियो ।

यसैगरी, अध्यक्ष पौडेल, सञ्चालक समितिका सदस्य अर्याल र नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले प्राधिकरणको ५८औं वार्षिकोत्सवका अवसरमा आयोजित विभिन्न खेलकूद प्रतियोगिताका विजयी कर्मचारीहरूलाई पदक तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सञ्चालक समितिका सदस्य तथा प्राधिकरणका पदाधिकारी, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, लघु निर्जीवन बीमा कम्पनी, लघु जीवन बीमा कम्पनी तथा पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरू, नेपाल बीमक संघ, जीवन बीमक संघ नेपाल, नेपाल लघु बीमक संघ, नेपाल बीमा सर्भेयर एसोसिएसन, नेपाल पेशागत बीमा अभिकर्ता संघ तथा नेपाल बीमा ब्रोकर संघका पदाधिकारीहरू र नेपाल बीमा प्राधिकरणका कर्मचारीहरू तथा पूर्वकर्मचारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको सञ्चालन नेपाल बीमा प्राधिकरणकी उपनिर्देशक श्रद्धा श्रेष्ठले गर्नुभएको थियो ।

## कर्मचारी सम्मान

नेपाल बीमा प्राधिकरणको ५८औं वार्षिकोत्सवका अवसरमा प्राधिकरणमा २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरूलाई विशेष सम्मान गरिएको थियो ।

प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेल तथा सञ्चालक समितिका सदस्य मानबहादुर अर्यालले कर्मचारीहरूलाई खादा तथा कदरपत्र दिएर सम्मान गर्नुभएको थियो ।

प्राधिकरणमा २० वर्ष सेवा अवधि पूरा गर्ने कर्मचारीहरूमा कार्यकारी निर्देशक सुशील देव सुवेदी, निर्देशक पुजन ढुङ्गेल अधिकारी, उपनिर्देशक पुनम ज्ञवाली श्रेष्ठ र चालक सानु काजी कुँवर हुनुहुन्छ ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेल र प्राधिकरणको सञ्चालक समितिका सदस्य मानबहादुर अर्यालका साथमा प्राधिकरणमा २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरू ।



# खेलकुद प्रतियोगिता

नेपाल बीमा प्राधिकरणको ५८औं वार्षिकोत्सवका अवसरमा प्राधिकरणका कर्मचारीहरूबीच मैत्रीपूर्ण खेलकूद कार्यक्रम आयोजना गरिएको थियो । जसअनुसार, कर्मचारीहरूले टेवलटेनिस, व्याडमिन्टन तथा फुटसल प्रतियोगितामा भाग लिएका थिए ।

प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेल, सञ्चालक समितिका सदस्य मानबहादुर अर्याल र कार्यकारी निर्देशक सुशील देव सुवेदीले खेलकूद प्रतियोगितामा प्रथम, द्वितीय तथा तृतीय स्थान हासिल गर्ने कर्मचारीहरूलाई प्रमाणपत्र, मेडल तथा ट्रफी प्रदान गर्नुभएको थियो ।




नेपाल बीमा प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेल, प्राधिकरणका सञ्चालक समितिका सदस्य मानबहादुर अर्याल र प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीका साथमा फुटसल प्रतियोगिताका विजेताहरू ।

# दन्त स्वास्थ्य शिविर सञ्चालन

नेपाल बीमा प्राधिकरणको ५८औं वार्षिकोत्सवका अवसरमा मिति २०८३ साल वैशाख ३० गते केन्द्रीय कार्यालय, कुपण्डोलमा नि:शुल्क दन्त स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो ।

उक्त दन्त स्वास्थ्य शिविरमा प्राधिकरणका कर्मचारीहरूले दन्त परीक्षण गराउनुका साथै दन्त स्वास्थ्यसम्बन्धी परामर्श लिएका थिए ।

# नववर्ष २०८३ को शुभकामना आदान-प्रदान कार्यक्रम

## बीमा व्यवसायको गरिमा उच्च हुनेगरी कार्य गर्न बीमकहरूलाई कार्यकारी निर्देशक सुवेदीको निर्देशन




बीमा चित्रकथाको सँगालो 'प्रभा' पुस्तक सार्वजनिक गरिँदै ।

नेपाल बीमा प्राधिकरणबाट मिति २०८२ साल चैत २७ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा नववर्ष २०८३ को शुभकामना आदान-प्रदान कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा क्षेत्रको विकास, विस्तार एवम् पहुँच अभिवृद्धिका लागि सबै मिलेर अगाडि बढ्नु आवश्यक रहेको बताउनुभयो ।

प्राधिकरणले कसैप्रति पनि आग्रह वा पूर्वाग्रह नराखी काम गर्दै आएको उल्लेख गर्नुहुँदै कार्यकारी निर्देशक सुवेदीले बीमासम्बन्धी ऐन, नियम र निर्देशनहरू बमोजिम बीमा व्यवसायको गरिमा उच्च हुने गरी कार्य गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले बीमा क्षेत्रको विकास एवम् विस्तार, सुशासन कायम, नविनतम् प्रविधि अवलम्बन र बीमाको पहुँच विस्तारका लागि उपयुक्त वातावरण तयार गर्नका लागि आवश्यक सहजीकरण गर्न प्राधिकरण सदैव तयार रहेको बताउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल अधिकारीले पछिल्लो समयमा बीमाको पहुँच उल्लेख्य रूपले बढ्दै गएर देशको झण्डै ५० प्रतिशत जनसङ्ख्यामा बीमाको पहुँच पुगेको र बीमा क्षेत्रका अधिकाङ्श परिसूचकहरू पनि सकारात्मक रहेको जानकारी दिनुभयो ।

निर्देशक ढुङ्गेलले जोखिम व्यवस्थापनका साथसाथै ग्रामीण क्षेत्रसम्म बीमा सेवा विस्तारलाई प्राथमिकता दिएर बीमा क्षेत्रलाई सशक्त, विश्वसनीय, आधुनिक र समावेशी बनाउन सामूहिक प्रयासको आवश्यकता औँल्याउनुभयो ।

त्यस अवसरमा नेपाल बीमा प्राधिकरणले विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी प्रकाशन गरेको चित्रकथामा आधारित बीमासम्बन्धी जानकारीमूलक बीमाको चित्रकथाको सङ्गालो 'प्रभा' पुस्तक सार्वजनिक गरिएको थियो ।

कार्यक्रममा नेपाल बीमक संघ, जीवन बीमक संघ नेपाल र नेपाल लघु जीवन बीमक संघका अध्यक्षहरूका साथै विभिन्न बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।



कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशकहरू, जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, लघुबीमा कम्पनी तथा पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरू र प्राधिकरणका कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन नेपाल बीमा प्राधिकरणका उपनिर्देशक पूर्णबहादुर थापाले गर्नुभएको थियो ।

## सञ्चालक समिति सदस्यमा सहसचिव ढकाल

नेपाल बीमा प्राधिकरणको सञ्चालक समिति सदस्यमा पूर्वाधार विकास मन्त्रालयका सहसचिव सुशील बाबु ढकाल नियुक्त हुनुभएको छ ।
बीमा ऐन, २०७९ को संशोधनमा पूर्वाधार विकास मन्त्रालयका सहसचिव प्राधिकरणको सञ्चालक समिति सदस्य रहने व्यवस्था थप भएको छ ।
बीमा ऐन, २०७९ को दफा ६ बमोजिम प्राधिकरणको सञ्चालक समिति अर्थ मन्त्रालयका सहसचिव, कानून मन्त्रालयका सहसचिव र पूर्वाधार विकास मन्त्रालयका सहसचिव सहित छ सदस्यीय भएको छ ।

## शपथ ग्रहण

नेपाल बीमा प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेलले हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडका सञ्चालक समितिका नवनियुक्त अध्यक्ष सी.ए. नारायण बजाजलाई मिति २०८३ साल वैशाख २ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा पद तथा गोपनीयताको शपथ गराउनुभएको छ ।
यसअघि, नेपाल बीमा प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेलले मिति २०८२ साल चैत ३० गते हिमालयन रिइन्स्योरेन्स लिमिटेडका सञ्चालक समितिका अध्यक्ष उदय कुमार निरौलालाई पद तथा गोपनीयताको शपथ गराउनुभएको थियो ।
त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी उपस्थित हुनुहुन्थ्यो ।

# बीमकको आन्तरिक लेखापरीक्षणसम्बन्धी अन्तरक्रिया कार्यक्रम



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी बीमकको आन्तरिक लेखापरीक्षण सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै

नेपाल बीमा प्राधिकरणको आयोजनामा मिति २०८३ साल वैशाख १० गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोल, ललितपुरमा बीमकको आन्तरिक लेखापरीक्षणसम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

प्राधिकरणले जारी गरेको बीमकको आन्तरिक लेखापरीक्षण निर्देशिका, २०७९ लाई समयसापेक्ष परिमार्जन गर्न लागिएको सन्दर्भमा सुझावहरू लिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले समग्र बीमा क्षेत्रको जोखिम पहिचान



बीमकको आन्तरिक लेखापरीक्षण सम्वन्धी अन्तरक्रिया कार्यक्रमका सहभागीहरू ।

न्यूनीकरण गर्नका लागि बीमकको आन्तरिक लेखापरीक्षणलाई अझ बढी व्यवस्थित, व्यवसायिक र परिस्कृत गर्नु आवश्यक भएको बताउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले बीमकको आन्तरिक लेखापरीक्षण निर्देशिका परिमार्जन गर्दा समावेश गर्नुपर्ने विषयहरू र विद्यमान कमी कमजोरीलाई हटाउन गर्नुपर्ने कार्य लगायत समग्र विषयमा राय सुझावहरू दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक गोकुल राज दाहालले प्राधिकरणले परिमार्जन गर्न लागेको बीमकको आन्तरिक लेखापरीक्षण निर्देशिकाको मस्यौदामा प्रस्ताव गरिएका विषयवस्तुहरूसम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमकको आन्तरिक लेखापरीक्षण निर्देशिकाको मस्यौदामा भएका Risk Rating, Branch Audit Coverage, Sample Size, Internal Audit Function / Internal Audit Reporting Requirement का सम्बन्धमा राय सुझावहरू दिनुभएको थियो ।

नेपाल बीमा प्राधिकरणका उपनिर्देशक राजेन्द्र महर्जनले कार्यक्रमबाट प्राप्त राय सुझावहरूलाई समेत समेटेर निर्देशिकालाई अन्तिम रूप दिने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल अधिकारी र निर्देशक शाम्भ राज लामिछाने उपस्थित हुनुहुन्थ्यो ।

यसैगरी, कार्यक्रममा बीमकका आन्तरिक लेखापरीक्षण शाखाका प्रमुख र आन्तरिक लेखापरीक्षकहरूको सहभागिता रहेको थियो ।

## हिमालयन रिइन्स्योरेन्स लिमिटेडलाई पुनर्बीमा व्यवसाय गर्न रोक

नेपाल बीमा प्राधिकरणले हिमालयन पुनर्बीमा लिमिटेडलाई आगामी असार मसान्तसम्म नयाँ पुनर्बीमा व्यवसाय गर्न रोक लगाएको छ ।

प्राधिकरणले हिमालयन पुनर्बीमा लिमिटेडलाई चालू आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म पुनर्बीमा व्यवस्था गर्न रोक लगाएको हो ।

प्राधिकरणले मिति २०८३ साल वैशाख ३१ गते जारी सूचनामा "बीमक हिमालयन रिइन्स्योरेन्स लिमिटेडलाई दाबी भुक्तानी गर्ने कार्य र यसअघि भए गरेका पुनर्बीमा व्यवसायको लागि रेट्रोसेसन गर्ने कार्य बाहेक आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म नयाँ पुनर्बीमा व्यवसाय गर्न बीमा ऐन, २०७९ को दफा १३६ को उपदफा (१) बमोजिम रोक लगाइएको व्यहोरा प्राधिकरणको मिति २०८३ साल बैशाख २९ गतेको निर्णयानुसार सम्बन्धित सरोकारवालामा सूचित गरिन्छ" उल्लेख छ ।

बीमा ऐन २०७९ को दफा १३६ को उपदफा (१) मा कुनै बीमकले बीमा ऐनमा भएको व्यवस्था बमोजिम न्यूनतम् चुक्ता पूँजी कायम नगरेमा, दाबी भुक्तानी वा हानी नोक्सानीको सम्बन्धमा भएको निर्णय तोकिएको अवधिभित्र कार्यान्वयन नगरेमा, बीमकलाई बीमा व्यवसाय सञ्चालन गर्न दिँदा बीमितको गम्भीर अहित हुने भएमा, प्राधिकरणको स्वीकृतिविना बीमा व्यवसाय बन्द गरेमा, बीमा ऐन, नियम, विनियम तथा प्रचलित कानून बमोजिम निषेध गरिएका अन्य कुनै कार्य गरेमा, प्राधिकरणले दिएका निर्देशन वा आदेश पटक पटक उल्लङ्घन गरेमा प्राधिकरणले त्यस्तो बीमकको इजाजतपत्र तोकिएको अवधिको लागि निलम्बन गर्न वा त्यस्तो बीमकलाई बीमा व्यवसाय गर्न आङ्शिक वा पूर्णरूपमा रोक लगाउन सक्नेछ भन्ने व्यवस्था रहेको छ ।

## Own Risk and Solvency Assessment (ORSA) सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरणको आयोजनामा मिति २०८३ साल वैशाख २५ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा  Own Risk and Solvency Assessment (ORSA) सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

ORSA निर्देशिका, २०७९ सालमा जारी भए तापनि यसको पूर्ण तथा प्रभावकारी कार्यान्वयनमा विभिन्न व्यवहारिक तथा प्राविधिक चुनौतीहरू देखिएको र विशेषगरी, Transitional phase को Risk–Based Capital (RBC) Framework implementation मा ORSA कार्यान्वयन गर्नुपर्ने अवस्था रहेको सन्दर्भमा सोसँग सम्बन्धित विषयहरूलाई थप स्पष्ट पार्ने र तिनमा एकरूपता ल्याउने उद्देश्यले कार्यक्रम



कार्यक्रममा सहभागीहरू ।

आयोजना गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले प्राधिकरणले वि.सं. २०७९ साल चैत्र २ गते गते जारी गरेको ORSA (Own Risk and Solvency Assessment) Directive केवल एउटा निर्देशिका मात्र नभई बीमकहरूले आफ्नो जोखिम आफैँ पहिचान र मूल्याङ्कन गर्ने एउटा पद्धति भएको बताउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले सो निर्देशिकालाई अझ प्रभावकारी र सहज बनाउन तथा बीमकहरूलाई प्राविधिक रूपमा मार्गदर्शन गर्न प्राधिकरणले ORSA Toolkit नामक विस्तृत दस्तावेज पनि जारी गरिसकेको उल्लेख गर्नुहुँदै प्राधिकरणले ORSA को प्रभावकारी नियमनका लागि आफ्नो आन्तरिक मापदण्डहरू (Internal Standards) समेत तयार गरिसकेको र अबका दिनमा सोही मापदण्ड अनुरूप नियमन अगाडि बढ्ने जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक एवम् अनुसन्धान महाशाखाका प्रमुख ध्रुव तिमिल्सिनाले प्राधिकरणले ORSA का परिणाम तथा मूल्याङ्कन प्रक्रियाबाट प्राप्त निष्कर्षहरूले बीमकको रणनीतिक तथा व्यवसायिक योजना, पूँजी व्यवस्थापन, लगानी तथा पुनर्बीमासम्बन्धी निर्णयहरूमा सहयोग पुऱ्याउने बताउनुभयो ।

निर्देशक तिमिल्सिनाले नियामकका लागि सबै बीमकको प्रत्येक जोखिमलाई पूर्णरूपमा पूर्वानुमान गर्न सम्भव नहुने भएकाले संस्थाले आफ्नो जोखिम बुझ्न्, मापन गरून्, व्यवस्थापन गरून् र आवश्यक पूँजी सुनिश्चित गरून् भन्ने आशयले ORSA लाई थप प्रभावकारी बनाउनु आवश्यक रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक एवम् जोखिम व्यवस्थापन शाखाका प्रमुख निर्मला मल्लले ORSA Framework, Supervisory Expectations, ORSA का लागि बीमकहरूको Eligibility तथा कार्यान्वयनसम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

यसैगरी, कार्यक्रमको प्राविधिक सत्रमा एक्चुरी आशुतोष अधिकारीले ORSA कार्यान्वयनका व्यवहारिक पक्ष, अन्तर्राष्ट्रिय अभ्यास तथा प्राविधिक विषयहरूसम्बन्धी प्रस्तुती गर्नुभएको थियो भने जीवन बीमकको तर्फबाट मेट लाइफका अनुपम खरेल र निर्जीवन बीमकको तर्फबाट नसला शाक्यले ORSA सम्बन्धी कार्य अनुभव प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक सुधा काफ्लेले गर्नुभएको थियो ।

बीमा क्षेत्रमा बढ्दो जटिलता रहेको अवस्थामा Financial liabilities लाई मध्यनजर गरी ORSA प्रणालीलाई प्रभावकारी बनाउनु आजको आवश्यकता भएको छ । यसले आगामी दिनमा उत्पन्न हुन सक्ने जोखिमप्रति सजग बनाउनुका साथै संस्थागत सुशासन र वित्तीय स्थायित्व सुदृढ बनाउन सहयोग पुऱ्याउनेछ ।

# बीमकको स्थिर सम्पत्ति खरिद तथा बिक्रीसम्बन्धी निर्देशन, २०८२

नेपाल बीमा प्राधिकरणले बीमकको स्थिर सम्पत्ति खरिद तथा बिक्रीसम्बन्धी निर्देशन, २०८२ जारी गरेको छ ।

बीमकको स्थिर सम्पत्ति खरिद, निर्माण तथा बिक्री प्रक्रियालाई थप व्यवस्थित, पारदर्शी, मितव्ययी र प्रविधिमैत्री बनाउन तथा संस्थागत सुशासन कायम गर्न निर्देशिका जारी गरिएको हो ।

प्राधिकरणले मिति २०८२ साल चैत १७ गते जारी गरेको बीमकको स्थिर सम्पत्ति तथा बिक्रीसम्बन्धी निर्देशन, २०८२ मा भएका मुख्य मुख्य व्यवस्थाहरू :

(१) बीमकले खरिद वा निर्माण गरिसकेको स्थिर सम्पत्तिको ह्रासकट्टीपछिको खूद मूल्य र खरिद वा निर्माण गर्न लागेको स्थिर सम्पत्तिको लागतको योगफल निर्देशिकाको अनुसूचीमा भएको व्यवस्था बमोजिम गणना गरिएको नेटवर्थको ३० प्रतिशतको सीमाभित्र हुनुपर्ने,

(२) बीमकले कार्यालय तथा व्यावसायिक प्रयोजनका लागि घर, जग्गा वा घरजग्गा खरिद वा निर्माण गर्न सक्ने,

(३) बीमकले आफ्नो कार्यालय प्रयोजनका लागि घर खरिद वा निर्माण गर्दा ऊर्जा दक्षता र वातावरणीय दिगोपना सुनिश्चित हुने गरी Green Building का मापदण्डहरूलाई प्राथमिकता दिनुपर्ने,

(४) विदेशी बीमा कम्पनीले नेपाल रहेको अचल सम्पत्ति वा १० लाख रूपियाँ वा सोभन्दा बढीको चल–अचल सम्पत्ति बेचबिखन वा धितोबन्धक गरिदिँदा वा विदेशी मुलुकमा फिर्ता लैजाँदा प्रचलित कानून बमोजिम स्वीकृति लिनुपर्ने निकायका अतिरिक्त नेपाल बीमा प्राधिकरणबाट स्वीकृति लिनुपर्ने,

(५) बीमकले खरिद गरेका वा बीमकको स्वामित्वमा रहेका सबै स्थिर सम्पत्तिहरूको विवरण, पछिल्लो फोटो र जी.आई.एस. (GIS) लोकेशन नक्सा सहितको विवरण प्राधिकरणले तोकेको डिजिटल ड्यासबोर्डमा प्रविष्ट गर्नुपर्ने,

(६) बीमकको स्वामित्वमा रहेका स्थिर सम्पत्तिहरू तोकिएको प्रयोजनमा प्रयोग भए/नभएको यकीन गर्न प्राधिकरणले समय समयमा उपयोगिता परीक्षण (Utilization Audit) गर्न वा गराउन सक्ने, व्यवसायिक प्रयोजनमा दिइएका सम्पत्तिको भाडादर बजार मूल्य बमोजिम भए/नभएको सोही परीक्षणमा हेरिने,

(७) बीमकले स्थिर सम्पत्ति खरिद वा बिक्री गर्दा आफ्ना प्रवर्द्धक, सञ्चालक, मुख्य व्यवस्थापक वा निजका नजिकका नातेदार संलग्न फर्म/कम्पनीसँग प्रत्यक्ष वा अप्रत्यक्ष तवरले कारोवार गर्न नपाउने,

(८) बीमकले आफ्नो खरिद विनियमावलीमा स्थिर सम्पत्ति खरिद, निर्माण तथा बिक्रीसम्बन्धी व्यवस्था समेट्नु पर्ने,

(९) बीमकले स्थिर सम्पत्ति खरिद वा निर्माण गर्दा आफ्नो व्यवसायको आकार, प्रकृति, जोखिम प्रोफाइल, सञ्चालन जटिलता एवम् कारोबारको विशिष्टताका आधारमा तरलता व्यवस्थापन सुनिश्चित गर्नु पर्ने,

(१०) बीमकले त्रैमासिक अवधिमा खरिद वा बिक्री गरेको स्थिर सम्पत्तिको मूल्य खुल्ने गरी स्थिर सम्पत्तिको विवरण त्रैमासिक अवधि समाप्त भएको एक महिनाभित्र प्राधिकरणमा पेश गर्नुपर्ने,

(११) बीमकले लगानी वा व्यवसायिक प्रयोजनका लागि खरिद वा निर्माण गरेको घरजग्गा खरिद वा निर्माण सम्पन्न भएको मितिले पाँच वर्षभित्र प्रयोगमा नआएमा सो घरजग्गाको बिक्री योजना (Disposal Plan) प्राधिकरणमा पेश गर्नुपर्ने,

(१२) बीमकले स्थिर सम्पत्ति खरिद-बिक्रीमा कुनै पनि प्रकारको कैफियत वा अवाञ्छित लाभ लिने कार्य भएको पाइएमा सोको जानकारी गोप्यरूपमा प्राधिकरणलाई दिने ह्विसलब्लोअर संयन्त्र आन्तरिक रूपमा स्थापना गर्नुपर्ने,

(१३) बीमकको स्थिर सम्पत्ति खरिद प्रक्रियामा संलग्न हुने मूल्याङ्कनकर्ता र कानूनी सल्लाहकारको व्यवसायिक आचरण र विगतको ट्र्याक रेकर्डको जिम्मेवारी बीमक स्वयम्को हुने ।

# बीमकको पुनर्बीमा निर्देशिका, २०८० को दोस्रो संशोधन

नेपाल बीमा प्राधिकरणले बीमकको पुनर्बीमा निर्देशिका, २०८० लाई मिति २०८२ साल फागुन १२ गते दोस्रो पटक संशोधन गरी जारी गरेको छ । प्राधिकरणले मिति २०८० साल जेठ ९ गते जारी गरेको बीमकको पुनर्बीमा निर्देशिका, २०८० को यसअघि पहिलो संशोधन भएको थियो ।

प्राधिकरणले पुनर्बीमा व्यवसायसम्बन्धी व्यवस्था तर्जूमा गरी जीवन तथा निर्जीवन बीमा व्यवसाय गर्ने बीमकको पुनर्बीमा व्यवस्थालाई व्यवस्थित गर्न निर्देशिका जारी गरेको थियो ।

बीमकको पुनर्बीमा निर्देशिका, २०८० (दोस्रो संशोधन) का विशेषताहरू :

(क) बीमकले गर्ने पुनर्बीमा टिट्री पुनर्बीमा, ऐच्छिक पुनर्बीमा (फ्याकल्टेटिभ पुनर्बीमा) र बीमा पुल गरी तीन प्रकारका पुनर्बीमा हुने,

(ख) बीमकले आफूले धारण गर्ने जोखिम धारण गरी बाँकी रहेको वा आफूले धारण गर्न नसक्ने अङ्शको पुनर्बीमा गराउनुपर्ने,

(ग) बीमकले पुनर्बीमा छनौट गर्दा नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त गरेका स्वदेशी पुनर्बीमक वा सम्बन्धित देशको बीमा नियमनकारी निकायबाट कानून बमोजिम इजाजतपत्र प्राप्त गरी नेपाल बीमा प्राधिकणमा सूचीकृत विदेशी पुनर्बीमकसँग पुनर्बीमा गराउनुपर्ने,

(घ) बीमकले आफ्नो नेटवर्थको आधारमा बीमाको प्रकार (पोर्टफोलियो) अनुसार पुनर्बीमा व्यवस्था गर्नुपर्ने,

(ङ) बीमकले ट्रिटी पुनर्बीमा अन्तर्गत प्रत्यक्ष हिस्सा (Direct Cession) स्वदेशी पुनर्बीमकलाई प्रदान गरेपश्चात् बाँकी रहेको हिस्साको कम्तीमा ३० प्रतिशत पुनर्बीमा बराबर हुनेगरी स्वदेशी पुनर्बीमकलाई प्रदान गर्नुपर्ने,

(च) बीमकहरूले जीवन बीमा, मोटर बीमा, कृषि, पशुपन्छी तथा जडिबूटी बीमा, हुलदङ्गा तथा आतङ्कवाद बीमा र विविध (यात्रा, ट्रेकिङ तथा स्वास्थ्य बीमा बाहेक) बीमाको स्वदेशमा नै शत्प्रतिशत पुनर्बीमा गर्नुपर्ने र त्यसरी प्राप्त हुने पुनर्बीमा स्वदेशी पुनर्बीमकले अस्वीकार गर्न नपाउने,

(छ) पुनर्बीमा व्यवस्था बमोजिम स्वदेशी बीमकहरूले अर्को स्वदेशी बीमक वा बीमकहरूसँग आन्तरिक फ्याकल्टेटिभ पुनर्बीमा गर्नसक्ने,

(ज) नेपाली नागरिकको बीमायोग्य हित रहेको विदेशस्थित सम्पत्ति तथा दायित्वको बीमा नेपाली बीमकहरूबाट नेपालमा नै गर्न सक्ने र त्यस्तो बीमा वापत कुनै दाबी परेमा नेपालभित्रै नेपाली मुद्रामा दाबी भुक्तानी गर्नसक्ने,

(झ) विदेशी पुनर्बीमक तथा पुनर्बीमा दलाल नेपाल बीमा प्राधिकरणमा सूचीकृत हुनुपर्ने र विदेशी पुनर्बीमकले प्रत्येक वर्ष सूचीकरण नम्बरको नबीकरण नेपाल बीमा प्राधिकरणबाट गराउनुपर्ने,

(ञ) नेपाल बीमा प्राधिकरणबाट सूचीकरण नम्बर प्राप्त गर्ने पुनर्बीमा दलालले वि.सं. २०८३ साल असार असान्तभित्र शाखा तथा सम्पर्क कार्यालय वा संयुक्त लगानीमा कार्यालय स्थापना गरिसक्नुपर्ने,

(ट) बीमकले नेटवर्थ, पुनर्बीमा जोखिमाङ्कन, जोखिम खूद धारण क्षमता तथा समग्र वित्तीय क्षमता बमोजिम उपयुक्त पुनर्बीमा नीति तयार गरी लागू गर्नुपर्ने,

(ठ) बीमकले प्रत्येक आर्थिक वर्षका लागि गर्ने पुनर्बीमा सम्झौता (पुनर्बीमा ट्रिटी) को सुरक्षणपत्र (साइन स्लिप वा कभर नोट) को प्रमाणित प्रति सम्झौता क्रियाशील भएको ६० दिनभित्र नेपाल बीमा प्राधिकरणमा पेश गर्नुपर्ने,

(ड) बीमकले पुनर्बीमा गराउँदा जोखिमको पर्याप्त मात्रामा विविधीकरण हुनेगरी पुनर्बीमा विविधीकरणको व्यवस्था गर्नुपर्ने,

(ढ) बीमकले आफूले जारी गर्ने प्रत्येक बीमालेख अन्तर्गत आफूले धारण गरेको अङ्शको जोखिम तथा पुनर्बीमा व्यवस्था अनुसार हुन आउने अधिक जोखिमको पर्याप्त मात्रामा महाविपत्ति पुनर्बीमासम्बन्धी व्यवस्था गर्नुपर्ने,

(ण) बीमकले पुनर्बीमा व्यवस्था गर्दा आफैं वा पुनर्बीमा दलाल मार्फत गर्नसक्ने,

(त) बीमकले स्वदेशी पुनर्बीमकको प्रत्येक त्रैमासिक अवधिको कारोवारको हिसाब-किताब, लेनादेना अर्को त्रैमासिक अवधिभित्र राफसाफ गर्नुपर्ने,

(थ) बीमकको सञ्चालक समितिले पुनर्बीमा सम्झौता अनुरूप कार्य भए नभएको त्रैमासिक रूपमा अनुगमन गरी यकीन गर्नुपर्ने,

(द) बीमकहरूले बीमा वा पुनर्बीमा व्यवसायको कुनै खास जोखिम वा पोर्टफोलियोसम्बन्धी सामूहिक बीमाकोष खडा गर्न आवश्यक ठानेमा नेपाल बीमा प्राधिकरणमा निवेदन दिनसक्ने र प्राधिकरणले सामूहिक बीमाकोष खडा गर्न उपयुक्त देखेमा स्वदेशी बीमा तथा पुनर्बीमा पुलको गठनका लागि स्वीकृति दिनसक्ने ।

# बीमा सर्भेयरसम्बन्धी निर्देशन, २०८३

नेपाल बीमा प्राधिकरणले बीमा सर्भेयरको कार्यलाई व्यवस्थित, प्रतिस्पर्धी तथा विश्वसनीय बनाई उनीहरूको व्यवसायिक निष्ठा, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गरी बीमितको वास्तविक क्षतिको न्यायोचित मूल्याङ्कन गर्ने व्यवस्था गर्नका लागि बीमा सर्भेयरसम्बन्धी निर्देशन, २०८३ जारी गरेको छ ।

प्राधिकरणले मिति २०८३ साल वैशाख १० गते जारी गरेको बीमा सर्भेयरसम्बन्धी निर्देशन, २०८३ मा भएका मुख्य मुख्य व्यवस्थाहरू :

(१) बीमा सर्भेयरका रूपमा काम गर्न चाहने व्यक्ति वा संस्थाले नेपाल बीमा प्राधिकरणबाट तयार गरिएको अनलाइन पोर्टलमार्फत निवेदन दिनुपर्ने,

(२) प्राधिकरणले बीमा सर्भेयरलाई निजको शैक्षिक योग्यता, तालिम र अनुभवको आधारमा प्रकार (पोर्टफोलियो) उल्लेख गरी निवेदन प्राप्त भएको सात कार्यदिनभित्र इजाजतपत्र दिनेसम्बन्धी निर्णय गर्नुपर्ने,

(३) बीमा सर्भेयरको योग्यता हासिल गरेको व्यक्तिले बीमा सर्भेयर भई काम गर्न प्राधिकरण वा मान्यताप्राप्त संस्थाबाट बीमा सर्भेयरको कम्तीमा ३६ घण्टाको आधारभूत बीमा सर्भेयरको तालिम प्राप्त गरेको हुनुपर्ने,

(४) प्राधिकरणले व्यक्तिगत बीमा सर्भेयरलाई 'क' र 'ख' वर्गमा वर्गीकरण गर्दा निजको प्राविधिक विशेषज्ञता र कार्य अनुभवका आधार गर्ने, जसअनुसार 'क' वर्गका लागि न्यूनतम् रू. २५ करोड बराबरको क्षति मूल्याङ्कन र १०० वटा सर्भे प्रतिवेदन बुझाएको र 'ख' वर्गका लागि न्यूनतम् रू. १० करोड बराबरको क्षति मूल्याङ्कन र ३०० वटा सर्भे प्रतिवेदन बुझाएको हुनुपर्ने । बीमा ऐन, २०७९ प्रारम्भ हुनु अगाडिनै 'घ' वर्गको इजाजतपत्रप्राप्त व्यक्तिगत बीमा सर्भेयरले यो निर्देशन लागू भएको मितिले तीन महिनाभित्र प्राधिकरण समक्ष निवेदन दिई 'ग' वर्गको इजाजतपत्र कायम गर्नुपर्ने,

(५) कुनै व्यक्तिगत सर्भेयरले बढीमा पाँचवटा र संस्थागत सर्भेयरले बढीमा १० वटासम्म सर्भे प्रतिवेदन बुझाउन बाँकी रहेको अवस्थामा सोही व्यक्ति वा संस्थालाई बीमकले नियुक्ति गर्न नपाउने,

(६) बीमकले बीमा सर्भेयरको पारिश्रमिक हालको पारिश्रमिक दरमा नघट्ने गरी तोक्नुपर्ने र सर्भेयरको पारिश्रमिक सर्भेयरले प्रतिवेदन बुझाएको ३५ दिनभित्र निजको बैंक खातामा जम्मा गरिदिनुपर्ने,

(७) बीमा सर्भेयरले आवश्यक जाँचबूझ गरी निर्जीवन बीमाको किसिम अनुसार दायित्व निर्धारण गरी तोकिएको अवधिभित्र बीमालेखको शर्त तथा सुविधाको अधिनमा रही बीमितले पाउनसक्ने रकम उल्लेख गरी बीमकको दायित्व निर्धारण गरी त्यसको विस्तृत विवरण सहितको प्रतिवेदन बीमक समक्ष पेश गर्नुपर्ने र सोको साराङ्श बीमितलाई समेत दिनुपर्ने,

(८) बीमा सर्भेयरले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र बीमा सर्भेयर भई कार्य गरेको विवरण तथा कागजात र प्राधिकरणबाट समय समयमा तोकिएका विवरणहरू प्राधिकरणमा पेश गर्नुपर्ने,

(९) प्राधिकरणले बीमा सर्भेयरको काम कारवाहीको जुनसुकै समयमा निरीक्षण वा छानविन गर्न सक्ने,

(१०) सर्भेयरले कार्य सञ्चालन गर्नुअघि बीमक वा बीमितसँग आफ्नो कुनै पनि प्रत्यक्ष वा अप्रत्यक्ष वित्तीय, पारिवारिक वा व्यवसायिक स्वार्थ छैन भनी घोषणापत्र पेश गर्नुपर्ने,

(११) बीमा सर्भेयरले बीमा ऐनमा व्यवस्था भए बमोजिमको दायित्व पालना नगरेको कारणले सो हैसियतमा रही कार्य गर्न अयोग्य देखिएमा वा बीमितलाई हानी नोक्सानी भएको प्रमाणित भएमा निजको इजाजतपत्र नवीकरण नगरिने,

(१२) विदेशी बीमा सर्भेयरले नेपालमा शाखा कार्यालय स्थापना गर्न वा संयुक्त लगानीमा कम्पनी स्थापना गरी कार्य सञ्चालन गर्न नेपाल बीमा प्राधिकरणको पूर्वस्वीकृति प्राप्त गर्नुपर्ने,

(१३) बीमा सर्भेयरले गरेको कामप्रति चित्त नबुझी अर्को बीमा सर्भेयर खटाउनुपर्ने भएमा बीमकले सोको कारण खुलाई प्राधिकरण समक्ष स्वीकृतिका लागि पेश गर्नुपर्ने,

(१४) विदेशी पुनर्बीमकबाट अनुरोध भएमा वा सम्बन्धित विषयको अनुभवी सर्भेयरको आवश्यकता परी नेपाली र विदेशी सर्भेयरले संयुक्त रूपमा सर्भे गर्नुपर्ने भएमा प्राधिकरणको स्वीकृति लिनुपर्ने,

(१५) प्राधिकरणले बीमा सर्भेयरलाई इजाजतपत्र नम्बर समेत उल्लेख भएको परिचयपत्र प्रदान गर्ने,

(१६) बीमा सर्भेयरले निर्देशनमा उल्लेखित बीमा सर्भेयरको आचारसंहिताको पूर्ण पालना गर्नुपर्ने ।

# बीमा अभिकर्तासम्बन्धी निर्देशन, २०८३

नेपाल बीमा प्राधिकरणले बीमा मध्यस्थकर्ताका रूपमा कार्यरत बीमा अभिकर्ताको कार्यप्रणालीलाई थप व्यवस्थित, व्यावसायिक, पारदर्शी र जवाफदेही बनाउनुका साथै बीमितको हकहित संरक्षण गरी समग्र बीमा क्षेत्रको विश्वसनीयता अभिवृद्धि गर्नका लागि बीमा अभिकर्तासम्बन्धी निर्देशन, २०८३ जारी गरेको छ ।

प्राधिकरणले मिति २०८३ साल वैशाख १० गते जारी गरेको बीमा अभिकर्तासम्बन्धी निर्देशन, २०८३ मा भएका मुख्य मुख्य व्यवस्थाहरू :

(१) बीमा अभिकर्ताका रूपमा काम गर्न चाहने व्यक्ति वा संस्थाले तोकिए बमोजिमका कागजात र दस्तूर सहित अनलाइन पोर्टल मार्फत निवेदन दिनुपर्ने,

(२) प्राधिकरणले सबै प्रक्रिया पूरा गरी निवेदन प्राप्त भएको सात कार्यदिनभित्र इजाजतपत्र दिने सम्बन्धमा निर्णय गरिसक्नुपर्ने,

(३) प्रत्येक बीमकले नवीकरण अवधिभर इजाजतपत्र प्राप्त बमि अभिकर्तालाई आफ्नो व्यावसायिकस्तर कायम राख्न कम्तीमा १५ घण्टाको पेशागत विकास तालिम प्रदान गर्नुपर्ने,

(४) लघुबीमा अभिकर्ता लघु जीवन बीमा अभिकर्ता र लघु निर्जीवन बीमा अभिकर्ता गरी दुई प्रकारका हुने,

(५) लघुबीमा अभिकर्ताका रूपमा गैरसरकारी संस्था, स्वावलम्बन समूह, लघुवित्त वित्तीय संस्था, सहकारी संस्था र कानून बमोजिम दर्ता भएका अन्य सङ्गठित संस्थाले कार्य गर्नसक्ने,

(६) कृषि, पशुपन्छी तथा जडिबूटी बीमासम्बन्धी कार्य गर्न कृषि, पशुपन्छी तथा जडिबूटी बीमा अभिकर्ताको इजाजतपत्र प्राप्त गरेको हुनुपर्ने,

(७) बीमा अभिकर्ताले बीमितलाई बीमालेखमा उल्लिखित सम्पूर्ण सर्त, सुविधा, सीमा, अपवाद र दाबी प्रक्रियाका बारेमा बुझ्ने भाषामा पूर्णरूपमा जानकारी गराउनुपर्ने,

(८) बीमा अभिकर्ताले आफू मार्फत जारी भएका बीमालेखको नवीकरण गर्न सम्बन्धित बीमकलाई जानकारी गराउनुपर्ने तथा सहयोग गर्नुपर्ने र दाबी भुक्तानी सम्बन्धमा बीमितलाई सहयोग गरी समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने,

(९) बीमा अभिकर्ताले बीमितप्रतिको उत्तरदायित्व पालना गर्दै बीमालेख सिफारिश गर्नुअघि बीमितको जोखिमको प्रकृति, वित्तीय क्षमता र आवश्यकताको विश्लेषण गरी सोको आधारमा मात्र बीमालेख प्रस्ताव गर्नुपर्ने,

(१०) जीवन बीमा अभिकर्ताले बीमा ऐनमा व्यवस्था भए बमोजिमको दायित्व पालना नगरेको कारणले सो हैसियतमा रही कार्य गर्न अयोग्य देखिएमा वा बीमितलाई हानी नोक्सानी भएको प्रमाणित भएमा निजको इजाजतपत्र नवीकरण नगरिने,

(११) बीमकले बीमा अभिकर्ताका लागि प्राधिकरणबाट जारी इजाजतपत्र नम्बर लगायतका विवरण खुलाई परिचयपत्र दिनुपर्ने,

(१२) बमिकले बीमा अभिकर्ता सम्बन्धमा आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र तोकिए बमोजिमको ढाँचामा अनलाइन पोर्टल मार्फत प्रतिवेदन पेश गर्नुपर्ने,

(१३) प्राधिकरणले बीमा अभिकर्ताको काम कारवाहीको जुनसुकै समयमा निरीक्षण वा छानविन गर्नसक्ने,

(१४) बीमा अभिकर्ताले बीमा बजारमा अस्वस्थ प्रतिस्पर्धा गर्न नहुने,

(१५) बीमा अभिकर्ताले बीमालेख खरिद गर्न प्रोत्साहित गर्ने उद्देश्यले कमिशन फिर्ता दिने, उपहार दिने वा पोलिसी बाहिरका कुनै पनि गैरकानूनी प्रलोभन देखाउन वा सोको कबोल गर्न नहुने,

(१६) बीमा अभिकर्ताले बीमा ऐन बमोजिम बीमा अभिकर्ताको आचारसंहिता पूर्णरूपमा पालना गर्नु पर्ने ।

# ई–बिलिङ्ग प्रणाली लागू गर्नेसम्बन्धी निर्देशन

नेपाल बीमा प्राधिकरणले सबै प्रकारका बीमाशुल्क, शुल्क तथा अन्य भुक्तानीका लागि अनिवार्यरूपमा ई-बिल/इन्भ्वाइस जारी गर्ने व्यवस्था गर्न सबै बीमा कम्पनीहरूलाई निर्देशन दिएको छ ।

प्राधिकरणले बीमा क्षेत्रको वित्तीय अनुशासन सुदृढीकरण, कारोवारको पारदर्शिता अभिवृद्धि, कर अनुपालन सुनिश्चितता तथा सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने उद्देश्यले मिति २०८३ साल वैशाख ११ गते सो निर्देशन दिएको हो ।

# बीमा सर्भेयरको इजाजतपत्र नवीकरणसम्बन्धी निर्देशन

नेपाल बीमा प्राधिकरणले इजाजतपत्र प्राप्त बीमा सर्भेयरहरूको इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा पाँचबूँदे निर्देशन जारी गरेको छ ।

प्राधिकरणले मिति २०८२ साल चैत १२ गते जारी गरेको निर्देशन अनुसार, बीमा सर्भेयरले इजाजतपत्र नवीकरण गर्नका लागि इजाजतपत्रको अवधि समाप्त हुनुभन्दा अगाडि नै बीमा सर्भेयर भई कार्य गरेको विवरण तथा कागजातहरू र नवीकरण शुल्क व्यक्तिगत बीमा सर्भेयरले रू. ११,०००/- र संस्थागत बीमा सर्भेयरले रू. २१,०००/- नेपाल बीमा प्राधिकरणको बैंक खातामा जम्मा गरेको निस्सा/भौंचर प्राधिकरणको केन्द्रीय कार्यालयमा बुझाउनुपर्नेछ ।

यसैगरी, इजाजतपत्रको अवधिभित्र नवीकरण गर्न नसकेका बीमा सर्भेयरले म्याद सकिएको अवधिदेखि तीन महिनाभित्र विलम्ब शुल्क रू. पाँच हजार भुक्तानी गरी इजाजतपत्र नवीकरणका लागि प्राधिकरणमा निवेदन दिनसक्ने व्यवस्था निर्देशनमा गरिएको छ ।

बीमा सर्भेयरको इजाजतपत्रको म्याद सकिएको अवधिदेखि तीन महिनाभित्र इजाजतपत्र नवीकरणका लागि निवेदन पेश नगर्ने बीमा सर्भेयरको इजाजतपत्र स्वतः खारेज हुने व्यवस्था निर्देशनमा रहेको छ ।

# विदेशमा दर्ता भएका सवारीसाधनको तेस्रो पक्ष बीमासम्बन्धी निर्देशन

नेपाल बीमा प्राधिकरणले विभिन्न प्रयोजनका लागि नेपालमा सञ्चालन हुन आउने विदेशमा दर्ता भएका सवारीसाधनको नेपालभित्र सञ्चालन हुने अवधिसम्मका लागि तेस्रो पक्ष बीमा गर्न सकिनेसम्बन्धी निर्देशन जारी गरेको छ ।

प्राधिकरणले मिति २०८३/०१/१० गते सम्पूर्ण निर्जीवन बीमा कम्पनी र लघु निर्जीवन बीमा कम्पनीहरूका लागि त्यस्तो निर्देशन जारी गरेको हो ।

प्राधिकरणबाट जारी निर्देशनमा "सम्बन्धित निकायबाट स्वीकृति प्राप्त गरी विभिन्न प्रयोजनका लागि नेपालमा सञ्चालन हुन आउने विदेशमा दर्ता भएका सवारीसाधनको मोटर बीमादरसम्बन्धी निर्देशिका, २०७३ अनुसार नेपालभित्र सञ्चालन हुने अवधिसम्मका लागि तेस्रो पक्ष बीमा गर्न सकिने" उल्लेख छ ।

# Professional Indemnity तथा Professional Liability Insurance को बीमादरसम्बन्धी निर्देशन

नेपाल बीमा प्राधिकरणले बीमकले जारी गर्ने Professional Indemnity तथा Professional Liability Insurance को बीमादर पुनर्बीमाको पर्याप्त व्यवस्था गर्ने गरी बीमक आफैँले निर्धारण गर्नेसम्बन्धी निर्देशन जारी गरेको छ ।

प्राधिकरणले मिति २०८३/०१/२२ गते सम्पूर्ण निर्जीवन बीमा कम्पनीहरूका लागि त्यस्तो निर्देशन जारी गरेको हो ।

प्राधिकरणबाट जारी निर्देशनमा बीमकले जारी गर्ने पेशागत दायित्व तथा क्षतिपूर्ति बीमासम्बन्धी मार्गदर्शन, २०७३ को बूँदा नं. ३.४ मा भएको व्यवस्था र Minimum Premium Rate For Non Taffif Insurance Business को बूँदा नं. ६ मा रहेका व्यवस्थाहरूको सट्टामा "बीमकले जारी गर्ने Professional Indemnity तथा Professional Liability Insurance को बीमादर पुनर्बीमाको पर्याप्त व्यवस्था गर्ने गरी बीमक आफैले निर्धारण गर्ने" भन्ने व्यवस्था कायम गरिएको छ ।

# कोशी प्रदेश कार्यालय

## शिक्षक तथा विद्यार्थीसँग बीमासम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत र २०८३ साल वैशाखमा विराटनगरस्थित विभिन्न विद्यालय र क्याम्पसका शिक्षक तथा विद्यार्थीहरूसँग बीमासम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र बीमाको पहुँच विस्तार गर्ने उद्देश्यले चैत २ गते विराट बहिरा स्कुल, चैत ५ गते हिमालय दर्शन कलेज, चैत ८ गते सिटी कलेज, र चैत ९ गते महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस तथा २०८३ वैशाख १७ गते अरनिको माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमासम्बन्धी अन्तक्रिया कार्यक्रम आयोजना गरिएको गरिएको हो ।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका तर्फबाट बीमाको परिचय, बीमा क्षेत्रका चुनौती, बीमा प्रणाली, जोखिम व्यवस्थापन र वित्तीय सचेतनाका बारेमा प्रस्तुती गरिएको थियो ।

कार्यक्रमहरूमा शिक्षक तथा विद्यार्थीहरूले बीमा क्षेत्र, दाबी प्रक्रिया, बीमा क्षेत्रमा करियरको अवसर लगायत बीमाका व्यवहारिक पक्षहरूका बारेमा जिज्ञासा राख्नुभएको थियो ।



# यातायात क्षेत्रमा बीमासम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत १२ गते विराटनगरमा यातायात क्षेत्रमा बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा मोटर बीमा, अनिवार्य तेस्रो पक्ष बीमा, बीमा दाबी प्रक्रिया र यातायात क्षेत्रमा देखिएका चुनौतीहरूका बारेमा विस्तृत छलफल भएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले बीमा क्षेत्रमा स्वच्छता र पारदर्शिताका लागि सरोकारवालाहरूबीच समन्वय आवश्यक रहेको बताउनुभयो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय, मोरङका प्रमुख सन्तोष न्यौपानेले प्रहरी प्रतिवेदनसम्बन्धी समस्या समाधानका लागि आवश्यक पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले विद्युतीय सवारी साधनको बीमा, सानो दाबी प्रदेशस्तरबाटै भुक्तानी गर्ने व्यवस्था र बीमा प्रक्रियालाई थप सरल एवम् पारदर्शी बनाउनुपर्ने आवश्यकता लगायतका विषयमा धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल प्रहरी, ट्राफिक प्रहरी र यातायात कार्यालयका प्रतिनिधि, यातायात व्यवसायी, निर्जीवन बीमा कम्पनीका प्रतिनिधि र बीमा सर्भेयरहरूको सहभागिता रहेको थियो ।

# उर्लाबारी नगरपालिकासँग बीमासम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल वैशाख १६ गते मोरङ जिल्लाको उर्लाबारी नगरपालिकामा कृषि बीमा केन्द्रित एकदिने बीमा सचेतना तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले कृषि तथा बाली बीमाको महत्त्व, जोखिम व्यवस्थापन, दाबी प्रक्रिया, सरकारी अनुदान तथा बीमासम्बन्धी कानूनी व्यवस्था सहित धान, मकै, गहुँ, तरकारी, फलफूल, मौरी तथा च्याउ लगायत विभिन्न बाली तथा कृषि बीमाको बीमालेखहरूमा रहेका व्यवस्थाका बारेमा जानकारीमूलक प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा कृषकहरूले हात्तीको आक्रमणबाट हुने क्षति, बाली बीमाको न्यूनतम क्षेत्रफल, पशु बीमा प्रक्रिया तथा दाबी भुक्तानीसम्बन्धी विषयमा जिज्ञासा राखेका थिए ।

कार्यक्रममा उर्लाबारी नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी, स्थानीय किसान, सञ्चारकर्मी तथा सरोकारवाला लगायतको सहभागिता रहेको थियो ।

# महिला समूहहरूसँग बीमासम्बन्धी अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ चैत २१ गते विराटनगरमा स्थानीय महिला समूहहरूसँग बीमासम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

महिला वर्गमा बीमा सचेतना अभिवृद्धि गर्ने, वित्तीय सुरक्षासम्बन्धी ज्ञान विस्तार गर्ने र बीमामा महिलाहरूको पहुँच र सहभागिता बढाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका तर्फबाट बीमाको परिचय, महत्त्व र आवश्यकता, बीमासम्बन्धी कानूनी व्यवस्था तथा प्राधिकरणको नियामकीय भूमिकाका बारेमा प्रस्तुती गरिएको थियो ।

साथै, जीवन बीमा अन्तर्गत सावधिक, आजीवन र म्यादी बीमाको अवधारणा तथा निर्जीवन बीमा अन्तर्गत अग्नि, मोटर, कृषि, पशुपन्छी, स्वास्थ्य, दुर्घटना र दायित्व बीमाका बारेमा व्यावहारिक उदाहरण सहित जानकारी दिइएको थियो ।

कार्यक्रममा सहभागी महिलाहरूले बीमा दाबी प्रक्रिया सरल र छिटो हुनुपर्ने, बीमा अभिकर्ताको भूमिका पारदर्शी हुनुपर्ने, ग्रामीण क्षेत्रमा बीमाको पहुँच विस्तारमा जोड दिनुपर्ने, बीमाको आवश्यकता, भविष्यको आर्थिक सुरक्षा, आकस्मिक जोखिम व्यवस्थापन र बीमाबाट हुने लाभहरूका बारेमा आमरूपमा जानकारी गराउनुपर्ने लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा विराटनगरस्थित राजाबाबा भजन समूह, राजा दामोदर भजन समूह, लक्ष्मी नारायण भजन समूह र यसोदानन्द भजन समूहका प्रतिनिधि तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

# भोजपुरका स्थानीय तहहरू र जिल्ला समन्वय समितिसँग बीमासम्बन्धी अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ चैत २२ गते देखि चैत २७ गतेसम्म भोजपुर जिल्लाका विभिन्न स्थानीय तहहरू र जिल्ला समन्वय समितिसँग बीमासम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

भोजपुर नगरपालिका, टेम्केमैयुङ गाउँपालिका, पौवादुङमा गाउँपालिका र जिल्ला समन्वय समितिसँग आयोजना गरिएको कार्यक्रममा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरू, किसान, बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले बीमालाई स्थानीय सेवा प्रवाहसँग जोडेर जोखिम व्यवस्थापन र आर्थिक सुरक्षालाई सुदृढ बनाउनु आवश्यक रहेको उल्लेख गर्दै विपन्न वर्गसम्म बीमाको पहुँच पुऱ्याउनका लागि सक्रिय भूमिका खेल्न स्थानीय तहहरूलाई आग्रह गर्नुभएको थियो ।

त्यस अवसरमा स्थानीय तहका प्रमुखहरूले विपद्का बेला राहत मात्र पर्याप्त नहुने भएकाले जोखिम हस्तान्तरणका लागि बीमा अपरिहार्य रहेको उल्लेख गर्दै कृषि तथा पशुपन्छी बीमालाई प्राथमिकतामा राख्ने प्रतिबद्धता जनाउनुभएको थियो ।

कार्यक्रममा बीमा दाबी प्रक्रिया, बीमाशुल्क, कृषि बीमामा सरकारी अनुदान, फोर्स सेलिङ, नक्कली बीमाको समस्या र उपभोक्ता हित संरक्षण लगायतका विषयमा छलफल भएको थियो ।

# उदयपुर जिल्ला उद्योग वाणिज्य संघसँग बीमासम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल वैशाख २४ गते उदयपुर जिल्ला उद्योग वाणिज्य संघसँग बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा उद्योग व्यवसायमा बीमाको भूमिका, जोखिम व्यवस्थापन र दाबी प्रक्रिया लगायत बीमासम्बन्धी समसामयिक विषयमा छलफल भएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा दाबी प्रक्रिया जटिल रहेको, दाबी भुक्तानी ढिलो हुने गरेको, आगलागी जस्ता घटनामा कागजात नष्ट हुँदा दाबी प्रक्रिया प्रभावित हुने गरेको र बीमा अभिकर्ताबाट अपेक्षित सहयोग नपाइएको लगायतका गुनासाहरू गर्नुभएको थियो । साथै, उहाँहरूले दाबी प्रक्रियालाई सरल, छरितो र पारदर्शी बनाउन तथा बीमा क्षेत्रमा कडा नियमन गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा जिल्ला उद्योग वाणिज्य संघ, उदयपुरका अध्यक्ष गजेन्द्र कुमार भगतले बीमा दाबी भुक्तानीलाई छिटो र सहज बनाउनुपर्ने, बीमा क्षेत्रको विकासका लागि फोर्स सेलिङ नियन्त्रण गर्नुपर्ने र नियमनलाई अझ प्रभावकारी तुल्याउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले बीमा क्षेत्रमा पारदर्शिता र उपभोक्ता हित संरक्षणमा प्राधिकरण प्रतिबद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा उद्योग वाणिज्य संघका पदाधिकारी, स्थानीय व्यवसायी, पत्रकार तथा बीमा कम्पनीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



# मधेश प्रदेश कार्यालय

## सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी अन्तरक्रिया




कार्यक्रममा सहभागीहरू ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत २१ गते महोत्तरी जिल्लाको बर्दिवासमा सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण (AML/CFT)सम्बन्धी दुईदिने अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक एवम् नियमन महाशाखा प्रमुख शाम्भराज लामिछानेले वित्तीय प्रणालीलाई सुरक्षित, पारदर्शी र विश्वसनीय बनाइराख्न AML/CFT को प्रभावकारी कार्यान्वयन अपरिहार्य रहेको सन्दर्भमा बीमा क्षेत्रको भूमिका पनि निकै महत्त्वपूर्ण रहेको बताउनुभयो ।

निर्देशक लामिछानेले बीमकहरूले ग्राहक पहिचान (KYC), जोखिम मूल्याङ्कन तथा शंकास्पद कारोबारको समयमै पहिचान र प्रतिवेदन मार्फत वित्तीय अपराध नियन्त्रणमा महत्त्वपूर्ण योगदान पुर्‍याउनसक्ने उल्लेख गर्दै सबै सरोकारवालाहरूलाई सचेत, जिम्मेवार र प्रतिबद्ध भई कार्य गर्न आग्रह गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका उपनिर्देशक एवम् सम्पत्ति शुद्धीकरण निवारण शाखा प्रमुख पदम प्रसाद सोडारीले सम्पत्ति शुद्धीकरण तथा आतंककारी कार्यमा वित्तीय लगानी निवारणका लागि बीमा क्षेत्रको भूमिका अत्यन्तै महत्त्वपूर्ण रहेको बताउनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी ज्ञान अभिवृद्धि, अनुभव आदानप्रदान तथा कानूनी अनुपालनमा एकरूपता ल्याउन कार्यक्रमबाट महत्त्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

बीमा कम्पनीका शाखा प्रमुख तथा अन्डरराइटिङ कर्मचारीहरूको सहभागितामा चैत २० र २१ गते भएको कार्यक्रममा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी विद्यमान कानून तथा नियम, प्राधिकरणबाट जारी निर्देशन, जोखिम पहिचान, ग्राहकको उचित पहिचान (KYC), शंकास्पद कारोबारको पहिचान तथा प्रतिवेदन (STR)

पेश गर्ने प्रक्रिया लगायतका विषयमा विस्तृतरूपमा छलफल भएको थियो ।

साथै, कार्यक्रममा AML/CFT सम्बन्धी कानूनी दायित्व, संस्थागत उत्तरदायित्व, आन्तरिक नियन्त्रण प्रणालीको सुदृढीकरण तथा अनुपालन (Compliance) सुनिश्चित गर्ने उपायहरूका बारेमा जानकारी समेत दिइएको थियो ।

कार्यक्रमको सञ्चालन नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका सहायक निर्देशक सुस्मा थापा र सहायक निर्देशक महेश मण्डलले गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका सहायक प्रथम निकेश लाल कर्ण, बीमा कम्पनीका शाखा प्रमुख तथा अन्डरराइटिङ कर्मचारीहरू लगायतको सहभागिता रहेको थियो ।

## स्थानीय तहसँग बीमासम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत ३ गते भगवानपुर गाउँपालिकासँग बीमासम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा भगवानपुर गाउँपालिका उपाध्यक्ष रेखा कुमारी यादवले बीमासम्बन्धी समग्र विषयमा जानकारी प्राप्त गर्नका लागि कार्यक्रम निकै उपयोगी रहेको उल्लेख गर्दै बीमा दाबी प्रक्रिया तथा दाबी भुक्तानी सरल एवम् सहज हुनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले जोखिम हस्तान्तरण गरी आर्थिक रूपमा सबल बन्नका लागि बीमा महत्त्वपूर्ण औजार भएको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले मोटर बीमा, कृषि तथा पशुपन्छी बीमा, सामूहिक दुर्घटना बीमा, दाबी भुक्तानी लगायतका विषयमा जिज्ञासाहरू राख्नुभएको थियो ।

कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्ष र कर्मचारीहरू, महिला, कृषक, व्यवसायी, बीमा अभिकर्ता, बीमित, कम्पनीका प्रतिनिधिहरू तथा विभिन्न सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको सञ्चालन नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका सहायक निर्देशक सुस्मा थापाले गर्नुभएको थियो भने बीमासम्बन्धी प्रस्तुतीकरण सहायक प्रथम निकेश लाल कर्णले गर्नुभएको थियो ।



# शिक्षक तथा विद्यार्थीहरूसगँ बीमासम्बन्धी अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा  मिति २०८२ साल चैत ४ गते सिरहास्थित बहिरा माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमासम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

फरक क्षमताका विद्यार्थीहरूमा वित्तीय साक्षरता तथा बीमा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि बहिरा माध्यमिक विद्यालयका प्रधानाध्यापक भोला प्रसाद यादवले बीमासम्बन्धी कार्यक्रम आयोजना गरी बीमासम्बन्धी समग्र विषयमा जानकारी दिएकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेशका कार्यालयका प्रमुख आर्या रावलले ग्रामीण भेगका न्यून आय भएका वर्ग र समुदायसम्म बीमाबारे सचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्राधिकरणले बीमा सचेतना कार्यक्रम निरन्तर रूपमा सञ्चालन गर्दै आएको जानकारी दिनुभयो । त्यस अवसरमा विद्यार्थीहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले स्टेशनरी सामग्रीहरू समेत प्रदान गरिएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका सहायक निर्देशक सुस्मा थापाले बीमासम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका शिक्षक तथा कक्षा १ देखि १० सम्मका विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

# ट्राफिक प्रहरी र यातायात व्यवसायीसँग बीमासम्बन्धी अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत १८ गते कलैयामा बारा जिल्लास्थित जिल्ला प्रहरी, ट्राफिक प्रहरी र यातायात व्यवसायीहरूसँग बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षकले नेपाल प्रहरीले बीमा क्षेत्रमा हुने ठगी तथा दुरूपयोगका गतिविधि नियन्त्रण गर्नका लागि अनुसन्धान तथा निगरानीलाई थप सुदृढ बनाउँदै लगेको जानकारी दिनुभयो ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षकले ट्राफिक नियमको पालना र बीमाको व्यापक प्रयोगले सुरक्षित तथा व्यवस्थित यातायात प्रणाली निर्माणमा महत्त्वपूर्ण योगदान पुर्‍याउने विचार व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले बीमा प्रणालीलाई प्रभावकारी बनाउन सम्बद्ध सबै पक्षबीच समन्वय आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले तेस्रो पक्ष बीमा अन्तर्गत औषधि उपचारमा रू. ३,००,०००/- को क्षतिपूर्ति हालको अवस्थामा अपर्याप्त देखिएको, बीमा सर्भेयरको मिलेमतो हुने वा गलत मूल्याङ्कन हुने जस्ता समस्या देखिएको, बीमा दाबी प्रक्रिया जटिल रहेको, मर्मत खर्च बढाएर देखाउने र वास्तविकभन्दा बढी क्षति भएको दाबी गर्ने जस्ता गलत अभ्यासहरू हुने गरेको, सीमा पारी गएर पार्टपुर्जा खरिद गर्ने र बिल बढाएर भुक्तानी लिने प्रवृत्ति देखिएको, प्रहरीद्वारा तयार गरिने दुर्घटना विवरण ढिलो प्राप्त हुँदा दाबी प्रक्रिया प्रभावित हुने गरेको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा बारास्थित जिल्ला प्रहरी कार्यालय र जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रहरी निरीक्षकहरू, नारायणी यातायात व्यवसाय संघका पदाधिकारी, निर्जीवन बीमा कम्पनीका प्रदेश प्रमुख, बारा जिल्लाका यातायात व्यवसायी, बीमा कम्पनीका प्रतिनिधि, नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाइटी, विरगञ्जका प्रतिनिधि र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# नेपाल बीमा प्राधिकरणको ५८औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रमहरू







नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयले प्राधिकरणको ५८औं वार्षिकोत्सवका अवसरमा मिति २०८३ साल वैशाख २७ देखि जेठ १ गतेसम्म खेलकुद प्रतियोगिता, रक्तदान कार्यक्रम, मानव सेवा आश्रममा खाना खुनाउने कार्यक्रम, प्रभातफेरी कार्यक्रम तथा वार्षिकोत्सव विशेष कार्यक्रम आयोजना गरेको छ ।



# गण्डकी प्रदेश कार्यालय

## सरकारी कार्यालयका प्रमुखहरूसँग बीमासम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल वैशाख ७ गते पोखरामा कास्की जिल्लास्थित सरकारी कार्यालयका प्रमुखहरूसँग बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जिल्लास्थित सरकारी निकायका पदाधिकारीहरूलाई बीमासम्बन्धी विद्यमान नीति र निर्देशिकाहरूका बारेमा जानकारी दिने र बीमा दाबी भुक्तानीमा देखिएका समस्या एवम् चुनौतीहरूको समाधानका लागि सुझावहरू लिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कास्कीका प्रतिनिधिसभा सदस्य उत्तम प्रसाद पौडेल प्रमुख अतिथि रहनुभएको उक्त कार्यक्रमको अध्यक्षता कास्कीका प्रमुख जिल्ला अधिकारी रूद्रादेवी शर्माले गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालय प्रमुख शम्भु प्रसाद मिश्रले बीमाको महत्त्वका साथै नीति तथा कार्यक्रममा बीमासम्बन्धी प्रावधान राख्दा हुने आर्थिक फाइदाको बारेमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा जिल्लास्थित सरकारी भवन, सवारी साधन र बहुमूल्य भौतिक संरचनाहरूको अनिवार्य रूपमा निर्जीवन बीमा गर्ने व्यवस्थाको लागि आवश्यक बजेटका सम्बन्धमा पहल गर्ने, कृषि तथा पशुपालन क्षेत्रमा सरकारले दिएको बीमा अनुदानको लाभ वास्तविक किसानसम्म पुऱ्याउन कृषि र पशु सेवा कार्यालयहरूले नेपाल बीमा प्राधिकरणसँग समन्वय गरेर आवश्यक कार्य गर्ने, बीमासम्बन्धी समस्या समाधान र गुनासो सुन्ने व्यवस्थालाई अझै प्रभावकारी बनाउने लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा कास्की जिल्लास्थित सबै सरकारी कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।



# स्थानीय तहसँग बीमासम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल वैशाख ३ गते बागलुङ जिल्लाको बागलुङ नगरपालिकासँग बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

प्राकृतिक प्रकोप वा रोगव्याधीबाट पशु तथा कृषिबालीमा हुने क्षतिलाई कम गर्न कृषि तथा पशु बीमा गर्न प्रोत्साहन गर्ने, बीमा मार्फत सानो बचतबाट ठूलो जोखिम बहन गर्न सकिन्छ भन्ने जानकारी दिने र आर्थिक रूपले विपन्न समुदायलाई वित्तीय सुरक्षा सुनिश्चित गर्नका लागि बीमा गर्न पहल गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा प्रमुख अतिथि बागलुङ नगरपालिकाका प्रमुख बसन्त कुमार श्रेष्ठले बीमासम्बन्धी समग्र विषयमा जानकारी प्राप्त गर्नका लागि कार्यक्रम उपयोगी रहेको बताउनुभयो । कार्यक्रममा नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख शम्भु प्रसाद मिश्रले बीमाको महत्त्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमा बजारको विद्यमान अवस्था र बीमाको विकास तथा विस्तारका लागि स्थानीय सरकारसँगको अपेक्षासम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले वैदेशिक रोजगारीमा मृत्यु भएकाको परिवारलाई बीमा कम्पनीले प्रलोभन देखाई बीमा दाबी भुक्तानीको रकमबाट पुनः बीमा गराउने गरेको, न्यून आय भएका वर्गका लागि थोरै शुल्कमा हुने बीमा योजना आवश्यक भएको, क्षति भएको अवस्थामा बीमा दाबी भुक्तानी प्राप्त गर्न प्रहरी मुचुल्का, वडाको सिफारिस र प्राविधिक प्रतिवेदन प्राप्त गर्न झन्झट भएकाले यसलाई डिजिटल रूपमा छिटोछरितो बनाउनु आवश्यक देखिएको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्का, कार्यपालिका सदस्य, वडा अध्यक्ष, वडा सदस्य र कर्मचारीहरू, कृषक, व्यवसायी तथा बीमकका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# शिक्षक र विद्यार्थीहरूसँग बीमासम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल वैशाख १७ गते गैंडाकोट, नगरपुरमा अक्सफोर्ड कलेज अफ इन्जिनियरिङ एण्ड म्यानेजमेन्टका शिक्षक तथा विद्यार्थीहरूसँग बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । शिक्षक तथा विद्यार्थीहरूलाई बीमाको महत्त्व, आवश्यकता र फाइदाबारे जानकारी दिने, बीमा क्षेत्रलाई करियरको रूपमा लिन प्रोत्साहन गर्ने र बीमासम्बन्धी जिज्ञाहरूलाई सम्बोधन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख शम्भु प्रसाद मिश्रले बीमासम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा विद्यार्थीहरूले जीवन र निर्जीवन बीमाबाट हुने फाइदा, बीमाको माध्यमबाट आर्थिकरूपमा हुने सवलीकरण, बीमा दाबी भुक्तानीसम्बन्धी गुनासो सुनुवाईको व्यवस्था, नेपाल बीमा प्राधिकरणबाट हुने नियमन र सुपरीवेक्षण, प्रदेशस्तरमा बीमाको पहुँच र विद्यमान चुनौती, बीमा क्षेत्रमा करियरको सम्भावना लगायतका विषयमा जिज्ञासाहरू राखेका थिए । कार्यक्रममा अक्सफोर्ड कलेज अफ इन्जिनियरिङ एण्ड म्यानेजमेन्टका शिक्षक र बी.बी.ए. कार्यक्रममा अध्ययनरत विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

# पोखरा चेम्बर अफ कमर्ससँग बीमासम्बन्धी छलफल

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल वैशाख १४ गते पोखरामा पोखरा चेम्बर अफ कमर्स, कास्कीसँग बीमासम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

विभिन्न प्रकारका जोखिमबाट उद्योग तथा व्यवसायमा हुन सक्ने आर्थिक क्षतिलाई बीमामार्फत कम गर्न सकिन्छ भन्नेबारे व्यवहारिक ज्ञान दिने र बीमा दाबी भुक्तानी प्रक्रियालाई छिटो एवम् पारदर्शी बनाउने सम्बन्धमा छलफल गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री यशोदा रिमालले बीमासम्बन्धी समग्र विषय सहित विद्यमान अवस्थाका बारेमा जानकारी प्राप्त गर्नका लागि कार्यक्रम उपयोगी रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयका प्रमुख शम्भु प्रसाद मिश्रले बीमाको महत्त्व, बीमाका प्रकार, दाबी भुक्तानी प्रक्रिया, उजुरीसम्बन्धी व्यवस्था, बीमा गर्दा ध्यान दिनुपर्ने विषय र उद्योगी व्यवसायीसँग प्राधिकरणको अपेक्षा लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा दाबी गर्ने प्रक्रिया झन्झटिलो भएको, ऋण पाप्त गर्नका लागि मात्र बीमा गर्नु पर्ने बाध्यता रहेको, बीमालेखमा सरल शब्द प्रयोग गर्नु आवश्यक देखिएको र पोखरा पर्यटकीय क्षेत्र भएकाले होटल, ट्रेकिङ र साहसिक खेलकूदको बीमासम्बन्धी योजनाहरू तयार गर्दा भूगोल अनुरूप हुनेगरी तयार गर्नु आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।

साथै, उहाँहरूले बीमा कम्पनीहरूले बीमा दाबी भुक्तानी प्रक्रियालाई विकेन्द्रित गर्दै प्रदेश एवम् शाखा कार्यालयबाट दाबी भुक्तानी हुने व्यवस्था गर्नुपर्ने, अनधिकृत व्यक्ति वा एजेन्टहरूबाट हुने ठगी नियन्त्रणमा जोड दिनुपर्ने र उद्योगी व्यवसायीहरूका गोदाम, कलकारखाना र स्टकको सुरक्षाका लागि उपयुक्त बीमलेखहरू निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउनुभएको थियो ।

कार्यक्रममा पोखरा चेम्बर अफ कमर्श, कास्कीका अध्यक्ष उमराज बास्तोला, निवर्तमान अध्यक्ष यामनाथ पौडेल र कार्यसमितिका पदाधिकारीहरू, उद्योगी, व्यवसायी, निप्स पोखरा च्यापटरका अध्यक्ष छबिलाल पौडेल र निसा गण्डकी च्यापटरका संयोजक बुद्धि राज अधिकारी लगायतको सहभागिता रहेको थियो ।




गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री यशोदा रिमाललाई सम्झनाको चिनो हस्तान्तरण गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका निर्देशक शाम्भराज लामिछाने ।

# लुम्बिनी प्रदेश कार्यालय

## स्थानीय तहहरूसँग बीमासम्बन्धी अन्तरक्रिया



धुर्कोट गाउँपालिकासँग आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरू ।

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ वैशाखमा गुल्मी जिल्लाको धुर्कोट गाउँपालिका, मदाने गाउँपालिका र छत्रकोट गाउँपालिकासँग बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । बीमाको महत्त्व र बीमा बजारको विद्यमान अवस्था लगायतका विषयमा जानकारी दिने र स्थानीयस्तरमा रहेका बीमासम्बन्धी गुनासा र सुझावहरू सङ्कलन गरी तिनको यथोचित सम्बोधन गर्ने उद्देश्यले कार्यक्रमहरू आयोजना गरिएको हो ।

**धुर्कोट गाउँपालिका**सँग वैशाख १४ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि धुर्कोट गाउँपालिकाका अध्यक्ष भुपाल पोखेलले पालिकाले आगामी आर्थिक वर्षमा कृषकहरूको समूहिक कृषि बीमा गराउने र बीमा शीर्षकमा बजेटको व्यवस्था गर्ने जानकारी दिनुभयो ।

**मदाने गाँउपालिका**सँग वैशाख १५ गने भएको कार्यक्रममा प्रमुख अतिथि मदाने गाउँपालिकाका अध्यक्ष महेन्द्रबहादुर कुँवरले बीमा दाबी भुक्तानीलाई सहज बनाउन नेपाल बीमा प्राधिकरणले तत्काल आवश्यक कदम चाल्नु पर्ने बताउनुभयो ।

**छत्रकोट गाँउपालिका**सँग वैशाख १६ गते भएको कार्यक्रममा प्रमुख अतिथि छत्रकोट गाउँपालिका उपाध्यक्ष साबित्रा ज्ञवालीले बीमासम्बन्धी समगग्र विषयमा जानकारी प्राप्त गर्नका लागि कार्यक्रम उपयोगी रहेको बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख जमुना अर्याल आचार्यले बीमा कम्पनीहरूले दाबी भुक्तानीका समयमा नदिएमा, ढिलासुस्ती गरेमा र नियम विपरित लेनदेनको कुरा गरेमा प्राधिकरणलाई जानकारी दिन आग्रह गर्नुभएको थियो ।



छत्रकोट गाउँपालिकासँग आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरू ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले कृषि बीमा गर्न नमान्ने गरेको, बाँदरले पुऱ्याउने क्षतिको बीमा हुने वा नहुने भन्ने बारेमा जानकारी नभएको, कृषि बीमासम्बन्धी अनलाइन प्रणाली कृषकले प्रयोग गर्न नसक्ने प्रकृतिको रहेको, बीमा दाबी भुक्तानी निकै ढिलो र झन्झटिलो हुने गरेको लगायतका गुनासाहरू राख्नुभएको थियो ।

साथै, उहाँहरूले कृषि बीमासम्बन्धी अनलाइन प्रणालीलाई कृषकले प्रयोग गर्न सक्ने गरी परिमार्जन गर्न, बाँदरको कारण हुने क्षतिको पनि रक्षावरण गर्ने गरी बीमा गर्ने व्यवस्था गर्न, कृषि बीमा नगर्ने कम्पनीलाई कारबाही गर्न, कृषि प्राविधिकको सङ्ख्या बढाउन र दाबी भुक्तानी प्रक्रिया सरल तथा शीघ्र बनाउन आग्रह गर्नुभएको थियो ।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका सहायक निर्देशक शिवराज वि.सी. ले बीमासम्बन्धी समग्र विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रमहरूमा सम्बन्धित गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, बीमकका प्रतिनिधि र अगुवा कृषकहरू लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको सञ्चालन नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका सहायक प्रथम शोभा भट्टराईले गर्नुभएको थियो ।



मदाने गाउँपालिकासँग आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरू ।

# शिक्षक तथा विद्यार्थीहरूसँग बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम




नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ वैशाख  १५ गते गुल्मी जिल्लाको धुर्कोट गाउँपालिकास्थित हिमालय माध्यमिक विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

विद्यार्थीहरूलाई बीमाको महत्त्व, आर्थिक जोखिम रक्षावरणमा बीमाको भूमिका र बीमा क्षेत्रमा रोजगारीका अवसर एवम् संभावनाका बारेमा जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा बीमा शिक्षाको आवश्यकता, बीमा बजारको विद्यमान अवस्था, बीमा सचेतना अभिवृद्धिमा विद्यायलको भूमिका, बीमा क्षेत्रमा रोजगारीको अवसर लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा विद्यालयका शिक्षक/शिक्षिकाहरू र प्लस टु मा अध्यनरत विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

# कर्णाली प्रदेश कार्यालय

## विद्यार्थीहरूसँग वित्तीय साक्षरतासम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा Global Money Week 2026 को अवसरमा मिति २०८२ साल चैत ३ गते सुर्खेतस्थित विश्वविद्यालय तथा विभिन्न क्याम्पसका कानून संकाय, शिक्षा संकाय, व्यवस्थापन संकाय तथा मानविकी र सामाजिकशास्त्र संकायमा अध्ययनरत विद्यार्थीहरूसँग वित्तीय साक्षरतासम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा वित्तीय साक्षरताको महत्त्व, विद्यार्थीका लागि उपयुक्त बचत तथा लगानीका माध्यम, वित्तीय व्यवस्थापनसम्बन्धी उपयोगी सुझाव, बीमाको आधारभूत अवधारणा, बीमाका प्रकार, आवश्यकता तथा महत्त्व, नेपाल बीमा प्राधिकरणको परिचय र उद्देश्य तथा बीमा क्षेत्रको वर्तमान अवस्थाका बारेमा जानकारी दिइएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालय प्रमुख निलप्रसाद लामिछानेले बीमासम्बन्धी कानूनी व्यवस्था तथा विभिन्न बीमालेखहरूबारे विस्तृत जानकारी दिँदै क्षतिको अवस्थामा वित्तीय सुरक्षा सुनिश्चित गर्न बीमा प्रभावकारी माध्यम भएकोमा जोड दिनुभएको थियो ।

कार्यक्रममा सहभागी विद्यार्थीहरूले कर्णाली प्रदेशमा जनसंख्याको अनुपातमा बीमाको पहुँच कम हुनुका कारण, घर बीमा तथा स्वास्थ्य बीमा लगायतका विषयमा जिज्ञासा राखेका थिए ।

## जुम्लामा विपद् जोखिम वित्तीय व्यवस्थापनसम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत ९ गते जिल्ला समन्वय समितिको कार्यालय, जुम्लामा विपद् जोखिम वित्तीय व्यवस्थापनसम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले स्थानीय तहमा विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने तथा बीमा मार्फत वित्तीय जोखिम न्यूनीकरणसम्बन्धी सचेतना फैलाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

जुम्लाको जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा जुम्ला जिल्लाका स्थानीय तहका प्रमुख तथा उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विपद् समितिका सदस्यहरू लगायत सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# स्थानीय तहसँग बीमासम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैतमा कालिकोट जिल्लाको महाबै गाउँपालिका, जुम्ला जिल्लाको हिमा गाउँपालिका, सुर्खेत जिल्लाको लेकबेशी नगरपालिका र दैलेख जिल्लाको नौमुले गाउँपालिकासँग बीमासम्बन्धी समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**महाबै गाउँपालिका**सँग चैत ८ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि महाबै गाउँपालिकाका अध्यक्ष खेमबहादुर सिंहले नागरिकलाई बीमाको दायरमा ल्याउनका लागि आवश्यक पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

**हिमा गाउँपालिका**सँग चैत १० गते भएको कार्यक्रममा प्रमुख अतिथि हिमा गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत रतनबहादुर शाहीले बीमाको पहुँच विस्तारका लागि स्थानीय तहसँग समन्वय आवश्यक रहेको उल्लेख गर्दै बीमा अभिकर्ताको कार्यप्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन कडाईका साथ नियमन गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो ।

**लेकबेशी नगरपालिका**सँग चैत १९ गते आयोजित कार्यक्रममा प्रमुख अतिथि लेकबेशी नगरपालिकाका प्रमुख उमेश कुमार पौडेलले विपद्को अवस्थामा पालिकाले प्रदान गर्ने सहयोग सीमित हुने भएकाले पालिकाकाले जोखिम व्यवस्थापनमा बीमालाई जोड्ने कार्य अगाडि बढाउन लागेको जानकारी दिनुभयो ।

**नौमुले गाउँपालिका**सँग चैत २४ गते भएको कार्यक्रममा नौमुले गाउँपालिका वडा नं. २ का वडाध्यक्ष दुर्गा प्रसाद न्यौपाने, वडा नं. ४ का वडाध्यक्ष चन्द्रलाल बस्नेत र वडा नं. ५ का वडाध्यक्ष कृष्णबहादुर सलामीले बमि साक्षरता अभिवृद्धि गर्दै उपयुक्त बीमा योजना मार्फत स्थानीय नागरिकहरूलाई आर्थिक सुरक्षा दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निल प्रसाद लामिछानेले बीमाको परिचय र महत्त्व, बीमासम्बन्धी कानूनी व्यवस्था, बीमाका प्रकार, बीमा मध्यस्थकर्ता र बीमाको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिकासम्बन्धी प्रस्तुती गर्नुभएको थियो । कार्यक्रममा सहभागीहरूले घर बीमा, कृषि बीमा, दुर्घटना बीमा, बीमा गर्ने विधि र दाबी भुक्तानी प्रक्रिया लगायतका विषयमा जिज्ञासा राख्नुभएको थियो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरू, शिक्षक, कृषि प्राविधिक, अगुवा कृषक प्रतिनिधि, कृषि प्राविधिक, र बुद्धिजीविहरूको सहभागिता रहेको थियो ।




महाबै गाउँपालिकासँग भएको कार्यक्रममा सहभागीहरू ।



हिमा गाउँपालिकासँग भएको कार्यक्रममा सहभागीहरू ।




लेकबेशी नगरपालिकामा आयोजित कार्यक्रम ।



नौमूले गाउँपालिकासँग भएको कार्यक्रममा सहभागीहरू ।

# कर्णाली समृद्धि महोत्सव - २०८२ मा बीमासम्बन्धी प्रदर्शनी

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयले राष्ट्रिय लोकदोहोरी प्रतिष्ठान, जिल्ला कार्यसमिति, सुर्खेतद्वारा वीरेन्द्रनगरमा मिति २०८२ साल चैत ११ गतेदेखि २२ गतेसम्म आयोजित कर्णाली समृद्धि महोत्सव - २०८२ मा बीमासम्बन्धी प्रदर्शनी गरेको छ ।

प्रदर्शनीमा नेपाल बीमा प्राधिकरणबाट प्रकाशन भएका बीमासम्बन्धी विभिन्न सामग्रीहरू, बीमा सूचना पुस्तिका, घरबीमासम्बन्धी ब्रोसरहरू अवलोकनकर्ताहरूलाई वितरण गरिएको थियो ।

आम नागरिकलाई वित्तीय तथा बीमा शिक्षाको महत्त्वका बारेमा जानकारी गराउने, युवामा वित्तीय ज्ञान र सीप अभिवृद्धि गरी व्यवहारिक रूपमा सक्षम बनाउने, विवेकशिल वित्तीय निर्णय लिन अभिप्रेरित गर्ने, विपद् तथा जोखिम व्यवस्थापनको क्षेत्रमा बीमा प्रयोग गर्न प्रोत्साहित गर्ने उद्देश्यका साथ बीमा प्रदर्शनी गरिएको हो ।



## बीमा सम्बन्धी समस्या परेमा उजूरी गर्न सक्ने व्यवस्था

- बीमा सम्बन्धी कुनै गुनासो भए वा समस्या परेमा नेपालको बीमा नियमनकारी निकाय 'नेपाल बीमा प्राधिकरण' मा उजूरी दिन सकिने छ ।
- बीमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरे मा बीमितले त्यसको कारण समेत खोली नेपाल बीमा प्राधिकरणमा उजूरी गर्नु पर्दछ ।
- बीमाको दायित्व निर्धारणका सम्बन्धमा बीमक विरूद्ध बीमितले दिएका उजूरी माथि नेपाल बीमा प्राधिकरणले निर्णय गर्दछ ।
- बीमक र बीमितबीचको कुनै विवाद उत्पन्न भएमा त्यसको मध्यस्थता गर्ने कार्य पनि नेपाल बीमा प्राधिकरणले गर्दछ ।

# शिक्षक तथा विद्यार्थीहरूसँग बीमासम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत २४ गते दैलेखस्थित नारायण बहुमुखी क्याम्पसका शिक्षक तथा विद्यार्थीहरूसँग बीमासम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि नारायण क्याम्पसका प्रमुख नरबहादुर शाहीले विद्यार्थीहरूलाई लक्षित गरी आयोजना गरिने बीमा सचेतना कार्यक्रमले विद्यार्थीहरूमा जोखिमप्रतिको बुझाई र आर्थिक जिम्मेवारीको भावना विकास गर्न मद्दत गर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछाने र सहायक निर्देशक विपना पन्थीले बीमाको परिचय, प्रकार, महत्त्व, केही बीमालेख तथा बीमा दरसम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी शिक्षक तथा विद्यार्थीहरूले घर बीमा, दुर्घटना बीमा तथा स्वास्थ्य बीमाको अपरिहार्यताबारे जिज्ञासा व्यक्त गर्दै बीमामा आबद्ध हुने प्रक्रियाबारे चासो देखाउनु भएको थियो ।



# महिला समूहसँग बीमासम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत २४ गते दैलेखको नारायण नगरपालिका - ५ मा भैसाखोर आमा समूहसँग बीमासम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले बीमाको परिचय र महत्त्व, बीमाका प्रकार, बीमा मध्यस्थकर्ता, कृषि बीमा, घर बीमा, बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा भैसाखोर आमा समूहका सदस्य तथा स्थानीय महिलाहरूको सहभागिता रहेको थियो ।

# सुर्खेत उद्योग वाणिज्य संघसँग बीमासम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल वैशाख ११ गते वीरेन्द्रनगरमा सुर्खेत उद्योग वाणिज्य संघ तथा उद्योगी व्यवसायीहरूसँग बीमासम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि सुर्खेत उद्योग वाणिज्य संघका अध्यक्ष हर्ष विक्रम खड्काले बीमाका शर्त, सुविधा, दायित्व तथा सम्भावित जोखिमहरूको बारेमा बीमितलाई सुरुमै राम्रोसँग जानकारी गराउन सकेमा दाबी भुक्तानीको चरणमा देखापर्ने जटिलता तथा विवादहरूलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले बीमाको परिचय र महत्त्व, बीमासम्बन्धी कानूनी व्यवस्था, बीमा कम्पनीका प्रकार, बीमा मध्यस्थकर्ता र बीमाको विकाससम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी उद्योगी व्यवसायीहरूले बीमासम्बन्धी व्यवहारिक समस्या, दाबी भुक्तानी प्रक्रिया, बीमा सचेतना अभिवृद्धि लगायतका विषयमा जिज्ञासा राखेका थिए ।

कार्यक्रममा सुर्खेत उद्योग वाणिज्य संघका कार्यसमितिका सदस्यहरू लगायत उद्योगी तथा व्यापारीहरूको सहभागिता रहेको थियो ।




## कुडा कर्णालीका - २०८२ मा बीमासम्बन्धी स्टल

सुर्खेतको वीरेन्द्रनगर नगरपालिकामा मिति २०८२ साल चैत २८ देखि ३० गतेसम्म संचालित कर्णाली उत्सवः कुडा कर्णाली - २०८२ मा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयले बीमासम्बन्धी स्टल राखी बीमासम्बन्धी जानकारी प्रवाह गरेको छ ।

त्यस अवसरमा बीमाले गर्ने रक्षावरण, बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू, बीमासम्बन्धी गुनासो तथा उजूरी गर्न सकिने व्यवस्था लगायतका विषयहरू समेटेर बनाइएका ब्रोसर, निर्देशिका र पुस्तकहरू अवलोकनकर्तालाई वितरण गरिएको थियो ।



# सुदूरपश्चिम प्रदेश कार्यालय

## जोखिम व्यवस्थापनका लागि बीमासम्बन्धी अभिमुखीकरण कार्यक्रम




नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयले ग्लोबल मनी विकका अवसरमा मिति २०८२ साल चैत २ गते धनगढीमा कैलाली बहुमुखी क्याम्पसका शिक्षक तथा विद्यार्थीहरूसँग जोखिम व्यवस्थापनका लागि बीमासम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ । विद्यार्थीहरूमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्ति विकास गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा कैलाली बहुमुखी क्याम्पसका शिक्षक तथा एम.बी.एस., एम.बी.ए. र बी.बी.ए. मा अध्ययनरत विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

## शिक्षक तथा विद्यार्थीहरूसँग बीमासम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत ५ गते अछामस्थित पञ्चदेवल क्याम्पसका शिक्षक र स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूसँग बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



# कृषि ज्ञान केन्द्र र भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँग बीमासम्बन्धी अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत ४ गते अछाम जिल्लाको साँफेबगरमा कृषि ज्ञान केन्द्र र भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँग कृषि, पशुपन्छी तथा जडीबूटी बीमा सम्बन्धि छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा कृषि ज्ञान केन्द्र र भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका कर्मचारी, स्थानीय व्यवसायी तथा व्यापारी, कृषक र बीमकका शाखा/उपशाखा कार्यालय प्रमुख लगायत अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# महिला समूहहरूसँग बीमासम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण सुदुरपश्चिम प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत २२ गते महिला समुहहरूसँग बीमासम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम नवदिप मुल समिति (महिला समुह) जोशीपुर, कैलालीको समन्वयमा कार्यक्रम आयोजना गरिएको थियो ।

# स्थानीय तहहरूसँग बीमासम्बन्धी अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत ६ गते अछाम जिल्लाका पञ्चदेवल विनायक नगरपालिका तथा मेल्लेख गाउँपालिका र चैत ८ गते डोटी जिल्लाको पूर्वीचौकी गाउँपालिकासँग बीमासम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

यसैगरी, मिति २०८३ साल वैशाख ७, ८, ९ र १० गते दार्चुला जिल्लाका व्यास गाउँपालिका, दुहु गाउँपालिका



तथा लेकम गाउँपालिका र बैतडी जिल्लाका डिलासैनी गाउँपालिकासँग बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमहरूमा बीमाको महत्त्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमासम्बन्धी समस्या र समाधानका उपाय लगायत बीमासम्बन्धी समग्र विषयमा जानकारी दिइएको थियो ।




# कञ्चनपुर जिल्लास्थित बीमकका प्रदेश/शाखा/उपशाखा कार्यालय प्रमुखहरूसँग अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा मिति २०८२ साल चैत १० गते कञ्चनपुर जिल्लास्थित बीमकका प्रदेश/शाखा/उपशाखा कार्यालय प्रमुखहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेशमा बीमाको विद्यमान अवस्था लगायत बीमासम्बन्धी समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

# नेपाल बीमा प्राधिकरणको ५८औं वार्षिकोत्सव

नेपाल बीमा प्राधिकरणको ५८औं वार्षिकोत्सवका अवसरमा प्राधिकरणको सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल वैशाख २६ र २७ गते अन्तर बीमक फुटसल प्रतियोगिता सम्पन्न भएको छ ।
प्रतियोगितामा प्राधिकरणको सुदूरपश्चिम प्रदेश कार्यालयका साथै जीवन, निर्जीवन र लघु बीमा कम्पनीहरूका समेत गरी कूल २० टिमको सहभागिता रहेको थियो ।



यसैगरी, वार्षिकोत्सवकै अवसरमा मिति २०८३ साल वैशाख ३० गते नेपाल रेडक्रस सोसाइटी, प्रादेशिक रक्तसंचार केन्द्र, धनगढी, कैलालीको समन्वयमा प्राधिकरणको प्रदेश कार्यालयको प्राङ्गणमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । रक्तदान कार्यक्रममा कूल ३३ जना रक्तदाताहरूले रक्तदान गरेका थिए ।






यस्तै, प्राधिकरणको ५८औं वार्षिकोत्सवको अवसरमा प्राधिकरणको प्रदेश कार्यालयले मिति २०८३ साल वैशाख ३१ गते नेपाल बाल सङ्गठन बाल संरक्षण गृह, धनगढी, कैलालीमा बस्दै आएका सहाराबिहीन बालबालिकाहरूलाई खाना खुवाउने कार्यक्रम समेत गरेको थियो ।